व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET

चौमासिक बुलेटिन | वर्ष ५ | अङ्क ३ | (२०८१ चैत्र- २०८२ असार)

## यस अंकमा................


- कार्यकारी निर्देशकज्यूलाई स्वागत कार्यक्रम
- नवनियुक्त कर्मचारीहरुलाई स्वागत तथा शपथ ग्रहण कार्यक्रम
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सम्पन्न
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम संचालन
- कार्यशर्त (Terms of Reference) लेखन सम्बन्धी तालिम सम्पन्न
- स्विस राजदुतावासका प्रतिनिधिमण्डलको भ्रमण
- वडा महिला जनप्रतिनिधिहरुका लागि समविकास तालिम सम्पन्न
- सार्वजनिक खरीद व्यवस्थापनको सार, सेवा प्रवाहमा सुशासनको आधार
- स्थानीय आर्थिक विकास तालिम सम्पन्न
- विकास, सुशासन, नागरिक निगरानी तथा सेवा प्रवाह सम्बन्धी तालिम
- बाल कल्याण अधिकारीको संकल्प : स्थानीय तहमा बाल हेल्प डेस्क स्थापनाको लागि पहल
- अन्तरप्रदेश सिकाइ आदानप्रदान कार्यक्रम
- लैङ्गिकमैत्री न्याय प्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम सम्पन्न
- समबिचारी संस्थाहरुसँग Outreach कार्यक्रम


## कार्यकारी निर्देशकज्यूलाई स्वागत कार्यक्रम



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको दोस्रो कार्यकालको लागी २०८२ वैशाख १० गते नियुक्त हुनुभएका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीज्यूको स्वागत कार्यक्रम सम्पन्न भयो। प्रतिष्ठानको सभाहलमा वैशाख १२ गते आयोजित स्वागत कार्यक्रममा प्रतिष्ठानका कर्मचारी एवं पदाधिकारीहरुको उपस्थिति रहेको थियो। स्वागत कार्यक्रममा बोल्दै नवनियुक्त कार्यकारी निर्देशकज्यूले आफ्नो कार्यकालमा प्रतिष्ठानले गर्व गर्न योग्य कार्य गर्ने बताउदै संस्थागत क्षमता वृद्धि गर्न आफु लागि पर्ने, प्रतिष्ठानबाट सञ्चालित तालिमहरुको गुणस्तरीयता बढाउँदै प्रदेशको अग्रणी तालिम प्रदायक संस्थाको छवी स्थापित गर्न लागिपर्ने बताउनु भएको थियो।

## नवनियुक्त कर्मचारीहरुको नियुक्ति तथा शपथ ग्रहण कार्यक्रम

प्रदेश लोकसेवा आयोगबाट सिफारिश भई आउनुभएका नव आगन्तुक निर्देशक तथा अधिकृतज्यूहरुको नियुक्ति तथा शपथ ग्रहण कार्यक्रम मिति २०८२ असार ०१ गते सम्पन्न भएको थियो भने सहायक पाँचौं तहमा आउनुभएको सूचना प्राविधिक सहायकको मिति २०८२ असार ०८ गते नियुक्ति तथा शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको थियो। निर्देशक नवौं तहमा लक्ष्मण तिमिल्सिना र सुजन नेपाल, अधिकृतस्तर सातौं तहमा प्रशान्त पौड्याल, प्रशान्त सुवेदी र मनोज पौडेल तथा सहायक स्तर पाँचौंमा सुवर्ण आचार्यलाई प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीज्यूले शपथ ग्रहण गराउनु भएको थियो।



## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सम्पन्न

नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त लगानीमा सञ्चालित प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) अन्तर्गत गण्डकी प्रदेशमा चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सञ्चालन गरिएको थियो।



यस तालिमको उद्देश्य व्यक्तिगत घटना दर्तामा रहेका समस्या समाधान गर्दै स्थानीय तहमा सेवा प्रवाहलाई सरल बनाउनु तथा स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउनु रहेको थियो। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी व्यवस्था र स्थानीय तहको जिम्मेवारीबारे स्पष्ट जानकारी दिइएको यस तालिममा गण्डकी प्रदेशका मनाङ, स्याङ्जा र तनहुँ जिल्लाका २१० जना वडा सचिवहरूको सहभागीता रहेको थियो। २०८२ वैशाख १६ देखि २१ सम्म सञ्चालित २ दिने तालिममा सहभागीहरुले ६ वटा समूहमा रहेर तालिम प्राप्त गरेका थिए।

## वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम सम्पन्न

निर्माण कार्यले वातावरणमा पार्ने असरको मूल्याङ्कन गरी त्यसलाई वातावरण अनुकूल बनाउनुपर्छ र भविष्यका सन्ततिलाई दिगो र उपयुक्त वातावरण हस्तान्तरण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) आवश्यक छ भन्ने अवधारणालाई आत्मसात् गर्दै वातावरणीय प्रभाव मूल्याङ्कनका निश्चित विधि र प्रक्रियाका आधारमा प्रतिवेदन तयार गरी वातावरणमैत्री निर्माणकार्य सञ्चालनमा सहयोग पुर्‍याउन आयोजित यस कार्यक्रममा प्रदेशस्तरका मन्त्रालय, आयोग, सचिवालय, प्रतिष्ठान, निर्देशनालयहरुमा कार्यरत वातावरण सम्बन्धी काम/शाखा हेर्ने, विकास तथा भू-उपयोग कार्यमा संलग्न प्राविधिक कर्मचारीहरूबाट १७-पुरुष र २-महिला गरी जम्मा १९ जनाको सहभागीता रहेको थियो। २०८२ वैशाख २३ गते देखि २५ गते सम्म सञ्चालित यस कार्यक्रमको सहजीकरण इञ्जिनियरद्वय डा. राजिव पोखरेल र सन्तोष खनालज्यूबाट भएको थियो।



## कार्यशर्त (Terms of Reference) लेखन सम्बन्धी तालिम सम्पन्न

प्रदेश मन्त्रालयहरू तथा मातहतका निकायहरूमा परामर्श सेवा खरिद प्रक्रिया प्रभावकारी बनाउनका निमित्त कर्मचारीहरूमा कार्यशर्त (ToR) लेखनका आधारभूत ज्ञान र सीपको विकास गर्ने र परामर्श सेवा खरिद प्रक्रिया थप प्रभावकारी बनाउने उद्देश्यले गण्डकी प्रदेश अन्तर्गत चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना अनुसार कार्यशर्त लेखनसम्बन्धी तालिम आयोजना गरिएको थियो। २०८१ वैशाख ३० र ३१ गते सञ्चालित यस कार्यक्रममा विभिन्न मन्त्रालय एवं मातहतका कार्यालयहरुबाट २१ जनाको सहभागीता रहेको थियो।

## स्विस राजदुतावासका प्रतिनिधिमण्डलको भ्रमण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्विस राजदुतावासका प्रतिनिधिमण्डलको भ्रमण २०८२ साल जेठ १ गते (May 15, 2025) बिहिबार भएको थियो । भ्रमणका क्रममा प्रतिष्ठानले प्रतिनिधिमण्डललाई संस्थाको संरचना, तालिम कार्यक्रम, पूर्वाधार तथा नवप्रवर्तनात्मक अभ्यासहरूको बारेमा जानकारी दिएको थियो।



प्रतिनिधिमण्डलले तालिम केन्द्रका विभिन्न पूर्वाधारहरू, तालिम कक्षाहरू, सहभागीमैत्री वातावरण र सञ्चालन प्रक्रिया अवलोकन गरेका थिए। सो अवसरमा दुवै पक्षबीच तालिम तथा क्षमता विकासमा आधारित सहकार्य र भविष्यका सम्भावित साझेदारीका विषयमा विचारविमर्श भएको थियो। प्रतिष्ठानले प्रतिनिधिमण्डललाई स्वागत गर्दै उनीहरूको भ्रमणबाट संस्थागत अभ्यासप्रति देखाइएको चासोलाई सकारात्मक रूपमा लिएको छ। भ्रमणले भविष्यमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र राजदुतावास बीच आपसी सहकार्यको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ।

## वडा महिला जनप्रतिनिधिहरूका लागि समविकास तालिम

स्थानीय तहका निर्वाचित तथा मनोनित महिला सदस्यहरूलाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण (GESI) र स्थानीय तहको योजना निर्माण प्रकृया सम्बन्धी जानकारी दिनुका साथ GESI को अवधारणा, नीति र व्यवहारमा स्पष्टता प्रदान गर्ने, योजना, बजेट तथा निर्णय प्रक्रियामा महिलाको प्रभावकारी सहभागीता सुनिश्चित गर्ने, र लैङ्गिक मैत्री योजना, बजेट तथा कार्यक्रम बनाउन महिला जनप्रतिनिधिहरुलाई सक्षम बनाउन गण्डकी प्रदेशका स्थानीय तहका महिला वडा सदस्य तथा कार्यपालिका सदस्यहरूलाई मिति २०८२ जेठ ११ देखि १२ सम्म दुई दिने तालिम पोखरामा सञ्चालन गरिएको थियो। ६० जना महिला जनप्रतिनिधिको सहभागीता रहेको उक्त कार्यक्रमको सहजीकरण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारी, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको तर्फवाट

प्रतिष्ठानमा कार्यरत तालिम समन्वय विश्लेषक भिम विश्वकर्माज्यू लगायतको लै.स.सा.स. सम्बन्धी ज्ञाता प्रशिक्षकहरूबाट भएको थियो।




## सार्वजनिक खरीद व्यवस्थापनको सार, सेवा प्रवाहमा सुशासनको आधार



सार्वजनिक निकायको खरिद प्रक्रियामा सुशासन, समान अवसर र दक्षता सुनिश्चित गर्न कर्मचारी तथा खरिद समितिका सदस्यहरूको क्षमता अभिवृद्धिका साथै सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई सार्वजनिक कार्यालयहरूको कामकारवाही र सेवा प्रवाहलाई थप नतिजामुखी बनाउने उद्देश्यले आयोजना गरीएको यस कार्यक्रममा गण्डकी प्रदेशस्तरका मन्त्रालय, तथा कार्यालयहरूमा कार्यरत सार्वजनिक खरिदसम्बन्धी काम/शाखा हेर्ने कर्मचारीहरूको सहभागीता रहेको थियो। दुई समुहमा २०८२ जेठ १८ देखि २० र २०८२ जेठ २१ देखि २३ सम्म सञ्चालन भएको यस तालिममा कुल ६४ जनाको सहभागीता रहेको थियो। तालिम सम्पन्न भए पश्चातको पृष्ठपोषण कार्यक्रममा सहभागीहरुले तालिमको क्रममा भएका व्यवहारिक एवम् कानूनी सिकाइले आफ्नो दैनिक गरिने खरिद सम्बन्धी क्रियाकलाप थप व्यवस्थित हुने बताउनुभएको थियो।

## स्थानीय आर्थिक विकास सम्बन्धी तालिम सम्पन्न

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ, जहाँ अधिकांश स्थानीय तहहरू संघीय अनुदान र बाँडफाँडमा निर्भर छन्। आफ्नै स्रोतको अभावका कारण धेरैजसो स्थानीय तहहरुमा प्राथमिकतामा परेका योजनाहरु कार्यान्वयनमा समस्या देखिने गरेको छ। यद्यपि, स्थानीय तहहरूमा विभिन्न आर्थिक स्रोतका अवसरहरू पनि छन्, जसको पहिचान र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नेतृत्वमा क्षमता विकास आवश्यक छ भन्ने हेतुले स्थानीय तहको आर्थिक विकासको वर्तमान अवस्थाको आधाररेखा तयार गरी स्थानीय आर्थिक विकासको योजनालाई अगाडि बढाउन जनप्रतिनिधि र कर्मचारीहरुको क्षमतामा अभिवृद्धि गर्नका लागि प्रतिष्ठानको वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकास सम्बन्धि तालिम सञ्चालन गरिएको थियो | आठ वटा स्थानीय तहमा सञ्चालित यस कार्यक्रमको जिल्ला गत सहभागीता तपसिल बमोजिम रहेको थियो |

| क्रं.स | कार्यक्रम स्थान | कार्यक्रम मिति | सहभागी |
|---|---|---|---|
| १ | राइनास , लमजुङ | जेठ २५-२७ | महिला १६, पुरुष २२ जम्मा ३८ |
| २ | शुक्लागण्डकी, तनहुं | जेठ २१-२३ | महिला १३, पुरुष २२ जम्मा ३५ |
| ३ | बिहादी, पर्वत | जेठ २२-२३ | महिला ११, पुरुष ३४ जम्मा ४५ |
| ४ | घिरिङ, तनहुं | जेठ ३१-असार १ | महिला ११, पुरुष २४ जम्मा ३५ |
| ५ | अजिरकोट, गोरखा | जेठ १८-२० | महिला १४, पुरुष २३ जम्मा ३७ |
| ६ | हुप्सेकोट, नवलपुर | जेठ २९-३१ | महिला २०, पुरुष ३१ जम्मा ५१ |
| ७ | गल्कोट, बाग्लुंग | जेठ २२-२४ | महिला २२, पुरुष ४८ जम्मा ७० |
| ८ | मालिका, म्याग्दी | जेठ १८-२० | महिला १५, पुरुष २५ जम्मा ४० |

## विकास, सुशासन, नागरिक निगरानी तथा सेवा प्रवाह सम्बन्धी तालिम

नागरिक जीवनस्तर सुधार, पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनमा संघसंस्थाको भूमिका स्पष्ट पार्ने, नागरिक निगरानीका सिद्धान्त र अभ्यासहरूबारे जानकारी गराउने तथा सेवा प्रवाहको प्रभावकारितामा सहभागीतामूलक विकासको पैरवी र वकालतका माध्यमबाट योगदान दिन सहभागीहरूलाई सक्षम बनाउने उद्देश्यका साथ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराद्वारा गैससं महासंघसँगको समन्वयमा सामुदायिक संघसंस्थाहरूलाई लक्षित गरी दमौली (जेठ ३१-असार १), बेनी (असार ६-७), पोखरा (जेठ २२-२३) र बेशीशहर (जेठ २९-३०) मा विकास, सुशासन, नागरिक निगरानी तथा सेवा प्रवाह सम्बन्धी तालिम सम्पन्न भएको थियो।

## बाल कल्याण अधिकारीको संकल्प : स्थानीय तहमा बाल हेल्प डेस्क स्थापनामा पहल

स्थानीय तहमा महिला तथा बालबालिका शाखा अन्तरगत कार्यरत कर्मचारीहरुलाई लक्षित गरी प्रतिष्ठानको आयोजनामा असार ३ र ४ गते आयोजित बाल कल्याण अधिकारीहरुको बाल संरक्षण सम्बन्धी तालिम कार्यक्रमका सहभागीहरुले आफ्नो पालिकालाई बाल मैत्री बनाउन पहल गर्ने बताउदै सम्भव भएसम्म पालिकामा बाल हेल्प

डेस्क स्थापना गर्ने बताएका थिए | दुई समुहमा सञ्चालित कार्यक्रममा कुल ५४ जनाको सहभागीता रहेको थियो भने कार्यक्रमको सहजीकरण प्रतिष्ठानका उपसचिव नारायण प्रसाद पौडेल, बाल अधिकार विशेषज्ञ बद्री प्रसाद वाग्ले, सामाजिक विकास मन्त्रालयका उपसचिव मुना अधिकारी, निर्देशक लक्ष्मण तिमिल्सिना लगायतले गर्नुभएको थियो।




## अन्तरप्रदेश सिकाइ आदानप्रदान कार्यक्रम

प्रदेश स्तरमा सञ्चालन गरिने प्रशिक्षणको गुणस्तरीयता वृद्धि ,सेवा प्रवाहमा सुधार ,सुशासन प्रवर्द्धन तथा संस्थागत क्षमता अभिवृद्धिका लागी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा प्रदेश सुशासन केन्द्र बागमती र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग क्रमशः मिति २०८२ असार १३ गते र १७ गते छुट्टाछुट्टै कार्यक्रम सम्पन्न भएको थियो। दुवै कार्यक्रम प्रतिष्ठानको सभाहलमा कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीज्यूको अध्यक्षतामा भएको थियो। सो कार्यक्रमहरुमा प्रतिष्ठानको तर्फबाट उपसचिव नारायण प्रसाद पौडेलज्यूले प्रतिष्ठानमा भए गरेका अभ्यासहरुको बारेमा प्रस्तुतिकरण दिनुभएको थियो । यसै गरी प्रदेश सुशासन केन्द्र बागमतीको तर्फबाट केन्द्रका निर्देशक अनिता तामाङज्यूले र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानका तर्फबाट प्रदेश सचिव लक्ष्मी कुमार वि.क.ले मन्तव्य राख्नु भएको थियो।

## समबिचारीसंस्थाहरुसँग Outreach कार्यक्रम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (GPTA) का कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको नेतृत्वमा प्रतिष्ठानका निर्देशकद्वय लक्ष्मण तिमिल्सिना, सुजन नेपाल र तालिम समन्वय विश्लेषक भीम विश्वकर्मा सहितको टोलीले २०८२ असार २९ देखि श्रावण ३ गतेसम्म काठमाडौंमा समविचारी संस्थासँग संभावित कार्यक्रमहरुको बारेमा सोधखोज सहितको भेटघाट सफलतापूर्वक सम्पन्न भएको थियो । PLGSP, UNDP, Helvetas/SAMI, TITI, PCGG बागमती र नेपाल प्रशासनिक सेवा प्रशिक्षण प्रतिष्ठान (NASC) जस्ता संस्थाहरूसँगको भेटघाट तथा छलफलमार्फत तालिम मोड्युल आदानप्रदान, नयाँ तालिम मोडेलहरूबारे जानकारी, संस्थागत सहकार्यका सम्भावना, शैक्षिक सहकार्य र दीर्घकालीन कार्यक्रम साझेदारीबारे प्रारम्भिक सहमति बनेको थियो । भ्रमणको क्रममा GPTA ले आफ्नो कार्य प्रगति प्रस्तुत गर्नुका साथै तालिम र सेवामार्फत आय आर्जनका सम्भावनाहरू पहिचान गरेको थियो । PLGSP को सहयोगमा कार्यालय सवारी प्राप्त गर्ने काम पनि यहि भ्रमणमा सम्पन्न भएको थियो । यो भ्रमणले GPTA लाई राष्ट्रिय स्तरमा थप परिचित गराउँदै, संस्थागत पहिचान, रणनीतिक साझेदारी र तालिम नवप्रवर्तनतर्फ मार्गप्रशस्त गरेको छ।

## लैङ्गिकमैत्री न्याय प्रणाली आजको आवश्यकता

स्थानीय तहमा न्याय सम्पादनमा सहजताका साथै लैङ्गिकमैत्री न्याय र मनोसामाजिक सहयोगका बिषयमा न्यायिक समितिका सदस्यहरुको क्षमता विकासका लागी दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको थियो | गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता श्रीमान् चिरन्जीवी शर्मा पौडेलज्यू र मनोसामाजिक क्षेत्रका विज्ञ श्री निर्मला भट्टराईज्यूले सहजीकरण गर्नुभएको उक्त कार्यक्रम २०८२ असार १५ र १६ गते टिका रिसोर्ट प्रा.लि. पोखरामा सम्पन्न भएको थियो |




कार्यक्रममा २५ पुरुष र ३३ महिला गरी कुल ५८ जनाको सहभागीता रहेको थियो।

## प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रम र प्रशिक्षित संख्या

| विषय क्षेत्र | आ व २०८१/०८२ | हालसम्म |
|---|---|---|
| सेवाकालीन तालिम | ६ | २४ |
| अन्य तालिम | १७ | ४९२ |
| तालिम सामग्री निर्माण | १ | ७ |
| सवाल केन्द्रित संवाद | २ | १२ |
| अनुसन्धान | २ | ४ |
| स्थानीय तहको आवधिक योजना | ० | ४६ |
| स्थानीय तहको क्षमता विकास योजना | ० | ४९ |
| स्थानीय तहको राजश्व सुधार योजना | ० | ६२ |
| स्थानीय तहको लैससास रणनीति | ० | ६८ |
| कार्यसञ्चालन कार्यविधि (SOP) | १ | ४ |
| हालसम्म जम्मा प्रशिक्षार्थी | १९,५९४ | |

**सम्पादन मण्डल**

संयोजक : सुजन नेपाल, निर्देशक

सदस्यहरु : भिम बहादुर वि.क, तालिम समन्वय बिश्लेषक (PLGSP)
प्रशान्त पौड्याल, शाखा अधिकृत
सुवर्ण आचार्य, सुचना प्राविधिक सहायक